# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
(नेपाल सरकारको स्वामित्व भएको)
# CDS and Clearing Limited
(An Undertaking of Government of Nepal)

## ***Global Money Week 2026, 16 to 22 March***

### प्रेस विज्ञप्ति

“***Smart Money Talks***” भन्ने नाराका साथ **Global Money Week (GMW) 2026** को अवसरमा नेपाल धितोपत्र बोर्डको संयोजकत्व तथा सिडिएससि लगायत सम्पुर्ण बजार सहभागीहरुको सहकार्यमा मिति २०८२।१२।०६ गते नेपाल टुरिजम एण्ड होटल म्यानेजमेन्ट कलेज (NTHMC) को आयोजनामा पोखरामा आयोजित "National Level Capital Market Quiz 2026” को पहिलो दिन उद्घाटन र अन्तर्क्रियात्मक उद्घाटन र अन्तर्क्रियात्मक कार्यक्रम भयो । उक्त दिन “The eco-system of Nepalese capital markets: Analyzing the gap between academia and the real world.” बिषयमा Panel Discussion भयो ।

साथै दोश्रो सत्रमा सिडिएससि, SBAN, र ICRA Rating का प्रतिनिधिहरुबाट कार्यक्रममा सहभागीहरूलाई पुँजी बजारमा कसरी सुरक्षित लगानी गर्ने र बजारका संयन्त्रहरूले कसरी काम गर्छन् भन्ने विषयमा जानकारी गराइयो । सिडिएससिका तर्फबाट उप-प्रबन्धक योगराज जोशीले नेपालको पुँजी बजारको डिजिटल संरचना, नेपालको पुँजी बजारमा सिडिएससिको भूमिका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । सिडिएससिका सुविधा, प्राविधिक पक्षहरु र शेयर बजारको 'T+2' राफसाफ चक्र (Settlement Cycle) बारे जानकारी दिइयो । उक्त कार्यक्रममा राफसाफका क्रममा पर्न सक्ने जोखिम र सतर्कता बारे सचेत गराउनुका साथै विद्यार्थीहरूलाई केवल Saver मात्र नभई प्रविधिको सही प्रयोग गर्ने Smart Investor बन्न, आफ्नो डिम्याट खाता व्यवस्थापन, बैंक विवरण अद्यावधिक गर्नु पर्ने समेत जानकारी दिईयो ।

***"Digital holding of securities ensures trustworthiness and efficiency"***